# मिति २०८१/१०/०६ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गर्न पठाइएको मुद्दाको विवरण

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | तिलप्रसाद पाण्डे, मकरध्वज शाही, जयराम छत्याल, दिपक नेपाली, मंगल भण्डारी, सौमति रावल (ऐडी), दत्त बिष्ट, मान्या टमटा, धनसरा टमटा, दत्त रोकाय, सिर्जना बुमी (विशेष अदालतको मुद्दा नं. ०८०-CR-०११४ र फैसला मिति २०८०/११/१५) | ढकनीकुना देखि मुढेसम्मको सिँचाई कुलो निर्माणमा बढी भुक्तानी गरी गराई भ्रष्टाचार गरेको | **प्रतिवादी तिल प्रसाद पाण्डे, मकर ध्वज शाही, जयराम छत्याल, मंगल भण्डारी र दिपक नेपाली**ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ङ) बमिजिमको कसुर भएको हुदाँ निजहरु उपर बिगो रु.४२,२९,३५८।८९ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम जरिवाना र कैद गरी विगो असुल उपर हुन, **प्रतिवादी दत्त विष्टले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिम कसुर गरेको पुष्टि हुन आएकोले निज उपर ऐ.ऐ. दफा ८ को उपदफा (३) मा उल्लेख भए बमोजिम जरिवाना र कैदको सजाय हुन, **प्रतिवादी सौमति रावल ऐडी, मान** | फैसलाः<br>प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने ठहर गरी फैसला भएको।<br>विशेष अदालतले फैसला गर्दा लिएका आधारः<br>**क.** सम्झौता अनुसार कुलो निर्माणको सम्पूर्ण काम भएको देखिएको।<br>**ख.** प्रतिवादीहरु ले आरोपित कसूरमा इन्कार रही वयान गरेको।<br>**ग.** आयोगबाट २ पटक स्थलगत मुचुल्का गरिएको, दुबै मुचुल्कामा नापजाँच गरिएको भन्ने उल्लेख गरे पनि के कुन कार्यको कति परिमाणको काम भएको भन्ने उल्लेख गरेको नदेखिएको।<br>**घ.** एकातर्फ मिति | उल्लिखित आधारहरुलिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरुलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला देहायका आधार, कारणहरुबाट सो हदसम्म बदरबागी रहेको छ<br>**क.** प्रतिवादीहरुको आपसी मिलेमतोमा ढकनीकुनादेखि मुढेघट्टसम्म सिँचाइ निर्माण सम्झौतामा निर्धारित शर्त र मापदण्ड विपरीत निर्माण कार्य गरी गराई, झुट्टा नापी किताव, उपभोक्ता समिति सम्बन्धि बिल, कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी गराई सोही झुट्टा बिल भरपाई र कागजातको आधारमा वास्तविक फिल्डमा भएको काम भन्दा बढी रु.४२,२९,३५८।८९ उपभोक्ता समितिको बैंक खातामा भुक्तानी गरी उपभोक्ता समितिलाई गैरकानुनी लाभ एवं नेपाल सरकारलाई गैर कानुनी हानी पुऱ्याउने बदनियतले काम गरी सरकारी रकम हानी नोक्सानी पुऱ्याएको भन्ने तथ्य रहेको प्रस्तुत मुद्दामा, यी प्रतिवादीहरुले अनुसन्धानको क्रममा र अदालत समेत कसूरमा इन्कार रही वयान गरेता पनि यी दुवै जना प्रतिवेदकहरु रेशम बहादुर वली र सुनिल कुमार चौधरीले पेश गरेको स्थलगत रुपमा गरेको मुचुल्काको आधारमा तयार भएको प्रतिवेदनमा विगो रकम रु.४२,२९,३५८।— समान रहेको छ।उक्त प्रतिवेदनलाई समर्थन गरी अदालत समक्षको वकपत्रमा समेत सोही बेहोरा पुष्टि गरेको देखिन्छ।साथै पहिलो मुचुल्कामा कागज गर्ने सरोकारवालाहरुले रकम विनियोजनका सम्वन्धमा हामीहरुलाई थाहा नभएको भन्ने उल्लेख गरेको सिचाई आयोजना संचालनमा रहेको, २५० मिटर लम्वाईमा कच्ची कुलो निर्माण भएको भन्ने देखिएकोले सिंचाई आयोजना संचालन भएकोमा विवाद देखिंदैन पक्की कुलो निर्माणको आयोजनामा पक्की कुलो बनाउने काम नभएकोले पक्की कुलो निर्माणको रकम समेत भुक्तानी लिएको देखिदा योजनामा वास्तविक काम भन्दा रु.४२,२९,३५८।७० बढी रकम भुक्तानी भएको देखिएकोले मुद्दा दायर गरिएको देखिन्छ।तसर्थ आयोगमा उजुरी परी आयोगका कर्मचारी रेशम बहादुर वलीले स्थलगत प्रतिवेदन पेश गर्दाको समय सम्म पनि आयोजनास्थलमा सम्झौता बमोजिमको पक्की कुलो निर्माण भएको अवस्था देखिदैन।<br>**ख.** मिसिल संलग्न उजुरीको व्यहोरा, अदानचुली गाउँपालिकाको प्रतिकृया सहितको विवरण, ढकनीकुनादेखि मुढेघट्ट सम्म सिँचाई योजनाको लागत अनुमान, सम्झौता पत्र, नापी किताब, भुक्तानी बिल, कार्य सम्पन्न प्रतिबेदन, स्थलगत अनुगमनको क्रममा भएको सर्जमिन मुचुल्का, स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन, प्रतिवेदकले अदालत समक्ष गरेको वकपत्र लगायत मिसिल संलग्न कागजातहरुबाट प्रतिवादीहरुको ईन्कारी वयान खण्डित भै रहेको अवस्थामा केवल आरोपित कसूर तथा सजायवाट उन्मुक्ति पाउने मनसायले प्रतिवादीहरुले गरेको ईन्कारी वयानलाई आधार वनाई सफाई दिएको उक्त फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br>**ग.** मिति २०७८।०६।१५ स्थानीय सरोकारवालाको समक्ष गरिएको मुचुल्कालाई आधार लिई रेशम बहादुर वलीले पेश गरेको स्थलगत जापजाँच तथा प्राविधिक प्रतिवेदनमा "आयोगको डोर टोली, उपभोक्ता समिति र जन प्रतिनिधिहरुको उपस्थितिमा जापजाँच गर्दा, योजनाको २५० मिटर लम्वाई Alignemnt मा सफा गर्ने माटो खन्ने काम, ढुंगा सोलिङ्ग गर्ने र कुलोको तलतर्फ र भित्ता तर्फको भागमा ढुंगाको सुख्खा पर्खाल निमार्ण गर्ने काम भएको देखियो भने योजनामा पि.सि.सि. डण्डी विच्छाउने र फर्माको काम भएको देखिदैन र योजनामा वास्तविक काम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **बहादुर टमटा भन्ने मान्या टमटा र धनसरा टमटा**ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) वमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजहरु उपर उक्त कसुरमा ऐ.ऐ. दफा १९ को उपदफा (२) बमोजिम जरिवाना र कैदको सजाय हुन साथै **प्रतिवादी दत्त रोकाय र सिर्जना बुमी**ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले निजहरुलाई सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिमको सजाय हुन | २०७९।०५।२१ गतेको स्थलगत प्रतिवेदनको ५ देखि ८ सम्मको कुनै पनि काम नभएको उल्लेख गरेको देखिन्छ भने अर्को तर्फ सो कामहरु भएको वा नभएको भनी एकिन गर्न नसकिने भन्ने उल्लेख गरी प्रतिवेदकहरुले बकपत्र गरेको देखिदा नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भए भन्दा कम काम भएको भन्ने प्रतिवेदनमा उल्लेख भएको कुरा खण्डित भई प्रतिवेदनलाई विश्वासनीय मान्न मिल्ने नदेखिएको। | भन्दा रु.४२,२९,३५८।७० बढी रकम भुक्तानी भएको देखिन्छ"।भनी उल्लेख गरेको देखिन्छ भने अर्को प्रतिवेदक सुनिल कुमार चौधरीको प्रतिवेदनमा "उक्त योजना अनुगमनको बखत देखाइएको पि.पि.सि. फोर आर.सि.सि. ३।५ मिटर र ५५।— मिटर लम्वाई पि.पि.सि. क्यानेल यस योजना अन्तर्गत नै निर्माण भएको वा नभएको भनि एकिन गर्न नसकिने अवस्था देखिन्छ। अतः उक्त कामको मुल्याङ्कन गरिएको छैन। यस योजनाको उपलब्ध अन्तिम कन्ट्रायक्ट बिल र कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.४२,२९,३५८।८९ रकम बरावरको कम काम भएको देखिन्छ" भनी उल्लेख गरेका छन्। यसरी हेर्दा दुवै प्रतिवेदनमा काम नभएको भनिएको रकम रु.४२,२९,३५८।- समान देखिन्छ।यसले गर्दा दुई पटक स्थलगत नापजाँच प्रतिवेदन पेश गर्दा कुनै पनि कुरामा विवाद छैन। अर्को कुरा दुबै मुचुल्कामा नापजाँच गर्दा काम भएको तथ्यमा विवाद नभएको क्र.स. १ देखि ४ को काम भएको हुँदा उल्लेख नगरी क्र.स. ५, ६, ७ र ८ मा उल्लेख भएको PCC for RCC canal, TMT iron rod of 8 mm dia longitudinal @15 cm c/c, TMT iron rod of 8 mm dia longitudinal @15 cm c/c र Formwork for canal cornet lining को काम केही पनि भएको नदेखिएकोले उक्त सि.नं. को व्यहोरा मात्र उल्लेख गरी विगो कायम गरेको देखिन्छ।तसर्थ आयोगबाट २ पटक स्थलगत मुचुल्का गरिएको।दुबै मुचुल्कामा नापजाँच गरिएको भन्ने उल्लेख गरे पनि के कुन कार्यको कति परिमाणको काम भएको भन्ने उल्लेख गरेको नदेखिएको भन्ने आधार ग्रहण गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदर भागी छ।<br>**घ)** आयोगबाट मिति २०७८।०६।१५ गतेको भएको पहिलो स्थलगत मुचुल्कामा उक्त सिँचाई आयोजना ढकनी कुना देखि मुडे घट्ट र चाफा देखि कुना सम्मको सिचाई आयोजना संचालनमा रहेको, हालको अवस्था कुलो चौडाई गरिएको, ढुंगा सोलिङ्ग भएको र ड्राई पर्खाल निर्माण भएको भन्ने सम्म मात्र काम भएको भनी उल्लेख भएको छ।सम्झौता बमोजिमका अन्य सम्झौताको सि.नं. ५ देखि ८ को कार्य भएको भनी मुचुल्कामा देखिएको अवस्था छैन।आयोजना आ.ब ०७४/७५ मा नै सम्पन्न भई आयोजनाको सम्पूर्ण रकम भुक्तानी भै सकेको मिसिल संलग्न कागजात र प्रतिवादीहरुको वयानबाट समेत पुष्टि भइरहेको छ।तर पहिलो मुचुल्का भएको करिव १ वर्ष पछि आयोगबाट भएको दोस्रो अनुगमनको समयमा निर्माण भएको भनी देखाएको PCC for RCC र पि.पि.सि. क्यानेल यस योजना अन्तर्गत निमार्ण भएको वा नभएको भनी एकिन गर्न नसकिने भन्ने प्रतिवेदकले प्रतिवेदनमा उल्लेख गरेको देखिन्छ, यसबाट के कुरा पुष्टि हुन्छ भने आयोजनाको अवधि, सम्झौता बमोजिमको रकम भुक्तानी हुँदा सम्मको अवधि र आयोगबाट भएको पहिलो स्थलगत मुचुल्का गर्दा सम्म पनि सम्झौता बमोजिम पक्की कुलोको निर्माण कार्य भएको थिएन भन्ने तथ्य पुष्टि हुन्छ।आयोगबाट भएको दोस्रो पटक अनुगमनको क्रममा प्रतिवेदकले उल्लेख गरेको "यो मुद्दाको विवादको योजना अन्तर्गत नै निर्माण भएको वा नभएको भनी एकिन गर्न नसकिने" भन्ने तथ्यलाई अनर्थ लगाई मुद्दाको विवादको योजना अन्तर्गत नै निर्माण भएको वा नभएको भनी एकिन गर्न नसकिने भन्ने प्रतिवेदकको भनाई विश्वासनीय मान्न नमिल्ने भनी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण रहेको छ।<br>**ङ)** प्रतिवादीहरुको आपसी मिलेमतोमा ढकनीकुनादेखि मुढेघट्टसम्म सिँचाइ निर्माण सम्झौतामा निर्धारित शर्त र मापदण्ड विपरीत निर्माण कार्य गरी गराई, झुट्टा नापी किताव, उपभोक्ता समिति सम्बन्धि बिल, कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी गराई सोही झुट्टा बिल भरपाई र कागजातको आधारमा वास्तविक फिल्डमा भएको काम भन्दा बढी रु.४२,२९,३५८।८९ उपभोक्ता समितिको बैंक खातामा भुक्तानी गरी उपभोक्ता समितिलाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गैरकानुनी लाभ एवं नेपाल सरकारलाई गैर कानुनी हानी पुऱ्याउने बदनियतले काम गरी सरकारी रकम हानी नोक्सानी पुऱ्याएको भन्ने तथ्य उजुरीको व्यहोरा, अदानचुली गाउँपालिकाको प्रतिकृया सहितको विवरण, ढकनीकुनादेखि मुढेघट्ट सम्म सिँचाई योजनाको लागत अनुमान, सम्झौता पत्र, नापी किताब, भुक्तानी बिल, कार्य सम्पन्न प्रतिबेदन, स्थलगत अनुगमनको क्रममा भएको सर्जमिन मुचुल्का, स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन, प्रतिवेदकले अदालत समक्ष गरेको वकपत्र लगायतका कागज, प्रमाणहरुबाट पुष्टि भई रहेको अवस्थामा प्रतिवादीहरुलाई सफाई दिने गरी भएको त्रुटीपूर्ण फैसला बदर गरी पाउँ। |